तपाईंले चिनेको कुनै बच्चाको सुरक्षा र हितको बारेमा चासो उठाइएको छ । बच्चाको बारेमा फैसला गर्न चाँडै अदालतको सुनुवाइ हुने छ ।

## पारिवारिक अदालतको सुनवाइ

सुनुवाइमा प्रस्तुत गरिएको जानकारीका आधारमा न्यायाधीशले बच्चा संरक्षक अभिभावक (हरू) सँग घरमा सुरक्षित साथ बस्न सक्ने-नसक्ने कुराको फैसला गर्ने छन् । यदि बस्न नसक्ने हो भने न्यायाधीशले निम्न व्यक्ति वा निकायलाई अस्थायी संरक्षकत्व प्रदान गर्नु हुने छः

- ⇨ गैर-संरक्षक अभिभावक
- ⇨ नातेदार
- ⇨ बच्चा र परिवारले चिन्ने पारिवारिक साथी वा अन्य व्यक्ति
- ⇨ बाल तथा परिवार विभाग - परिवार सेवा महाशाखा (FSD)



## के तपाईं आफूलाई प्लेसमेन्ट विकल्पको रूपमा विचार गरियोस् भन्ने चाहनुहुन्छ ?

यदि तपाईं चाहनुहुन्छ भनेः

1. **तुरुन्तै कदम चाल्नुहोस् ।**
   तपाईंको बारेमा विचार गरियोस् भन्ने चाहेको कुरा (802) हामीलाई अहिले नै थाहा दिनुहोस् ।
2. **हामीसँग सहकार्य गर्नुहोस् ।**
   यस सामग्रीसँगै संलग्न फारममा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस्, मागिएका अन्य कुनै पनि जानकारी दिनुहोस् र यदि हामीलाई आवश्यक परे तपाईंको घर आएर हेर्न दिनुहोस् ।
3. **आवश्यक पर्ने सबै पृष्ठभूमि जाँचहरूका लागि अनुमति दिनुहोस् ।**
   परिवारका 16 वर्ष वा सोभन्दा बढी उमेरका सबै सदस्यहरूले हामीलाई पृष्ठभूमि जाँच गर्ने अनुमति प्रदान गर्न संलग्न फारममा हस्ताक्षर गर्नुपर्दछ ।
4. **कुन प्लेसमेन्ट विकल्प (हरू) मा तपाईं सहमत हुन सक्नुहुन्छ भन्ने कुराको निर्णय गर्नुहोस् ।**
   a. न्यायाधीशले तपाईंलाई अस्थायी *ससर्त संरक्षकत्व* प्रदान गर्नुहुन्छ ।
   b. न्यायाधीशले FSD लाई अस्थायी संरक्षकत्व प्रदान गर्नुहुन्छ र तपाईं फोस्टर (पालनपोषण) हेरचाह प्रदान गर्ने इजाजत प्राप्त हुने छ ।

दुई विकल्पहरू बिचका केही भिन्नताहरू यस ब्रोसरको पछाडि दिइएको छ ।

### अभिभावकको रूपमा भर्मोन्टमा बसोबास गर्ने नातेदार (VKAP)

हामी तपाईंलाई ससर्त संरक्षकत्व र पालनपोषण बिचको भिन्नताका बारेमा छलफल गर्न र आफ्नो परिवारको लागि उत्तम विकल्प निर्धारण गर्न VKAP लाई सम्पर्क गर्न सल्लाह दिन्छौं ।

**(802) 871-5104**

## अब के हुन्छ ?

1. **FSD ले तपाईंले बच्चाको सुरक्षित ढङ्गले पालनपोषण गर्न सक्नुहुन्छ कि सक्नुहुन्न भनेर तपाईंको क्षमताको मूल्याङ्कन गर्ने छ ।**
   यस क्रममा, हामी सङ्कलन गरिएका सबै जानकारीको विवेचना गर्ने छौं ।
2. **FSD ले अदालतमा आफ्नो सिफारिस प्रस्तुत गर्ने छ ।**
   यसमा निम्न कुराहरू सिफारिस गर्न सकिने छः
   a. संरक्षकत्व वा पालनपोषण हेरचाहमध्ये कुनै एक
   b. यदि कुनै सरोकारहरू भएमा थप मूल्याङ्कन
   c. यदि तपाईंको परिवार असुरक्षित रहेको ठहर भएमा प्लेसमेन्टको विरुद्ध
3. **अदालतले बच्चा कहाँ राख्ने भनेर फैसला गर्ने छ ।**
   संलग्न सबै पक्षहरूको कुरा सुनेपछि, न्यायाधीशले अस्थायी संरक्षकत्वको बारेमा फैसला गर्नु हुने छ । यदि DCF बाहेक अरू कसैलाई संरक्षकत्व प्रदान गरिएमा केही सर्तहरू समावेश गर्न सकिने छ ।

| ससर्त संरक्षकत्व | फोस्टर केयर (पालनपोषण) |
|---|---|
| तपाईंलाई फोस्टर केयर (पालनपोषण) इजाजत चाहिँदैन । | तपाईंलाई फोस्टर केयर (पालनपोषण) इजाजत चाहिन्छ । |
| तपाईं बच्चाको बारेमा लिइने अधिकांश निर्णयहरूको लागि (अदालतले आदेश दिएका बाहेक) जिम्मेवार हुनुहुन्छ । | बच्चाको बारेमा लिइने धेरैजसो निर्णयको लागि DCF जिम्मेवार हुन्छ । |
| यदि तपाईं अबदेखि बच्चाको हेरचाह गर्न सक्नुहुन्न भने तपाईंले अदालतलाई आदेश परिवर्तन गर्न अनुरोध गर्नुपर्ने छ । | यदि तपाईं अबदेखि बच्चाको हेरचाह गर्न सक्नुहुन्न भने तपाईं DCF लाई अर्को स्याहारकर्ता खोजिदिन अनुरोध गर्न सक्नुहुन्छ । |
| कुनै परिवार सेवा कर्मचारीले तपाईंलाई स्थायित्व लक्ष्य र केस योजनामा सूचीबद्ध कार्य चरणहरू हासिल गर्न मद्दत गर्ने छन् । | कुनै परिवार सेवा कर्मचारीले तपाईंलाई स्थायित्व लक्ष्य र केस योजनामा सूचीबद्ध कार्य चरणहरू हासिल गर्न मद्दत गर्ने छन् । |
| तपाईं बच्चा र अभिभावकहरूको बिचमा सम्पर्कको योजना पूरा गर्न जिम्मेवार हुनुहुन्छ (उदाहरणको लागि, यातायात र बाल स्याहार लागत भुक्तान गर्ने)। | DCF ले तपाईंलाई परिवारसँगको सम्पर्क योजनामा मद्दत गर्ने छ (उदाहरणको लागि, माइलेज रकम र बाल स्याहारको भुक्तान) । |
| बच्चाले DCF को आर्थिक सेवा महाशाखाबाट चाइल्ड-वन्ली रिच अप ग्रान्ट प्राप्त गर्न सक्ने छन् । यसले बच्चालाई मेडिकएडको लागि योग्य बनाउँछ । | तपाईंले पालनपोषण गरिरहेका प्रत्येक बच्चाको लागि भरणपोषण प्रतिपूर्ति प्राप्त गर्नुहुनेछ र उनीहरू मेडिकएडको लागि पनि योग्य हुने छन् । |
| यदि बच्चालाई सरकारी सहायता प्रदान गरिएको छ भने भुक्तानी गरिएको कुनै पनि बाल सहायतामध्ये अधिकांश वा सबै हिस्सा राज्यलाई जाने छ । | भुक्तानी गरिएको कुनै पनि बाल सहायता रकम बच्चाको हेरचाहमा लागेको लागत पूर्ति गर्न राज्यमा जाने छ । |
| यदि तपाईं बच्चालाई धर्मपुत्र/पुत्री ग्रहण गर्नुहुन्छ वा तपाईंलाई स्थायी अभिभावकत्व प्रदान गरियो भने, तपाईं DCF मार्फत पाइरहेको आर्थिक सहायताको लागि योग्य हुन सक्नुहुन्छ (जस्तै, रिच अप वा ग्रहण सहायता) । | यदि तपाईं बच्चालाई धर्मपुत्र/पुत्री ग्रहण गर्नुहुन्छ वा तपाईंलाई स्थायी अभिभावकत्व प्रदान गरियो भने, तपाईं DCF मार्फत विद्यमान ग्रहण वा संरक्षकत्व सहायताको लागि योग्य हुन सक्नुहुन्छ । |
| बच्चा प्रबन्ध (डिस्पोजिसन) सुनुवाइ नभएसम्म तिनको स्कुलमा रहन सक्छन् । यदि तपाईं अर्को सहरमा बस्नुहुन्छ भने यातायातको व्यवस्था तपाईं आफैँले गर्नुपर्ने छ । स्थिर शिक्षालाई प्रोत्साहन गरिने भए तापनि बच्चाको स्कुल परिवर्तन गर्नुपर्ने हुन सक्छ । | अहिलेकै स्कुलमा निरन्तरता दिनु उनीहरूको सर्वोत्तम हितमा नहुने अवस्थामा बाहेक बच्चालाई हालकै स्कुलमा राखिने छ । यदि बच्चा अर्को सहरमा रहेको स्कुलमा जान्छन् भने यातायातको खर्च DCF ले बेहोर्नुपर्ने हुन सक्छ । परिवार सेवा नीति 72 हेर्नुहोस् । |

यदि तपाईंलाई अपाङ्गताको कारणले कुनै समायोजन गर्नुपर्ने हुन्छ वा अङ्ग्रेजी भाषा सीमित आउने हुनाले दोभाषेको आवश्यकता छ भने कृपया हामीलाई सूचित गर्नुहोस् ।

09/19 • वेब






# तपाईंले चिनेको बच्चालाई अस्थायी स्याहारको आवश्यकता पर्न सक्छ

## *नातेदार र साथीहरूका लागि जानकारी*

VERMONT
DEPARTMENT FOR CHILDREN & FAMILIES
FAMILY SERVICES DIVISION

# नातेदार र साथीले भर्नुपर्ने फारम

*बच्चाको लागि प्लेसमेन्ट विकल्प हुन इच्छुक*

बच्चाको नामः ______________________

तपाईंको नाम र बच्चासँगको नाताः ______________________

तपाईंको पत्राचार ठेगानाः ______________________

तपाईंको फोन नम्बरः ______________________

## A सूचना र पृष्ठभूमि जाँच गर्ने अनुमति

**परिवारका 16 वर्ष वा सोभन्दा बढी उमेरका सदस्यहरूका बारेमा तल विवरण प्रदान गर्नुहोस् । प्रत्येक व्यक्तिलाई हामीलाई उनीहरूको पृष्ठभूमि जाँच गर्ने अनुमति दिन तल हस्ताक्षर गर्न लगाउनुहोस् । आवश्यक परेमा थप पाना प्रयोग गर्नुहोस् ।**

**आफैँबाट सुरू गर्नुहोस् । ठुलो अक्षरमा स्पष्ट लेख्नुहोस् । 16 वर्षभन्दा बढी उमेरका सबैलाई तल हस्ताक्षर गराउन नभुल्नुहोस् ।**

| | | |
|---|---|---|
| थर, नाम, बिचको संक्षिप्त रूप | जन्म मिति | जन्मस्थान |
| कुनै पनि बिचको वा पहिलेको नाम | | सामाजिक सुरक्षा नम्बर |
| तपाईं पहिले बसोबास गरेका वा काम गरेका सहर तथा राज्यहरू | पृष्ठभूमि जाँचको अनुमति दिन यहाँ हस्ताक्षर गर्नुहोस् ← | |

| | | |
|---|---|---|
| थर, नाम, बिचको संक्षिप्त रूप | जन्म मिति | जन्मस्थान |
| कुनै पनि बिचको वा पहिलेको नाम | | सामाजिक सुरक्षा नम्बर |
| तपाईं पहिले बसोबास गरेका वा काम गरेका सहर तथा राज्यहरू | पृष्ठभूमि जाँचको अनुमति दिन यहाँ हस्ताक्षर गर्नुहोस् ← | |

| | | |
|---|---|---|
| थर, नाम, बिचको संक्षिप्त रूप | जन्म मिति | जन्मस्थान |
| कुनै पनि बिचको वा पहिलेको नाम | | सामाजिक सुरक्षा नम्बर |
| तपाईं पहिले बसोबास गरेका वा काम गरेका सहर तथा राज्यहरू | पृष्ठभूमि जाँचको अनुमति दिन यहाँ हस्ताक्षर गर्नुहोस् ← | |

| | | |
|---|---|---|
| थर, नाम, बिचको संक्षिप्त रूप | जन्म मिति | जन्मस्थान |
| कुनै पनि बिचको वा पहिलेको नाम | | सामाजिक सुरक्षा नम्बर |
| तपाईं पहिले बसोबास गरेका वा काम गरेका सहर तथा राज्यहरू | पृष्ठभूमि जाँचको अनुमति दिन यहाँ हस्ताक्षर गर्नुहोस् ← | |

**महत्त्वपूर्ण जानकारी:** यस फारमको अर्कोपट्टी पनि जानकारी भर्न नबिर्सनुहोस् ।

VERMONT
DEPARTMENT FOR CHILDREN & FAMILIES
FAMILY SERVICES DIVISION

## B. घरका सबै सदस्यहरू / तपाईंको घरका बारेमा प्रश्नहरू ।

**यदि तपाईंले तलका कुनै पनि प्रश्नको उत्तर 'छ' दिनुभएमा, हामीलाई थप विवरण उपलब्ध गराउन तयार हुनुहोस् ।**

| | |
|---|---|
| तपाईंको परिवारमा कोही: | |
| 1. आपराधिक कसुर (किशोर वा वयस्क) को अभियोग लागेको वा दोषी ठहर भएका छन् ? | □ छ □ छैन |
| 2. बाल तथा वयस्क सुरक्षा सेवा एजेन्सीद्वारा मूल्याङ्कन / जाँचमा परेका छन् ? | □ छ □ छैन |
| 3. बच्चा DCF को संरक्षकत्वमा छन् वा DCF सँग खुला मुद्दा छ ? | □ छ □ छैन |
| 4. दुर्व्यवहारबाट राहतको आदेश दायर गरिएको वा तामेलीमा परेका छन् ? | □ छ □ छैन |
| 5. मानसिक स्वास्थ्य सेवा वा परामर्श लिएका छन् ? | □ छ □ छैन |
| 6. लागूपदार्थ दुर्व्यसनको उपचार प्राप्त गरेका छन् ? | □ छ □ छैन |
| के घरपरिवारमा कोही: | |
| 1. सुधार विभाग वा समान खाले एजेन्सीको सुपरिवेक्षणमा छन् ? | □ छ □ छैन |
| 2. दीर्घकालीन वा गम्भीर स्वास्थ्य समस्याको लागि उपचार गराइरहेका छन् ? | □ छ □ छैन |
| के तपाईंको घरमा कुनै स्पष्ट सुरक्षात्मक जोखिमहरू छन् ?<br>यसमा पानीसँग सम्बन्धित जोखिम, आगोको जोखिम, सामान्य सरसफाइसम्बन्धी चिन्ता र असुरक्षित रूपमा राखिएका बन्दुक जस्ता कुराहरू पर्छन् । | □ छ □ छैन |

## C. यस बच्चासँग नाता पर्ने अन्य व्यक्तिहरू ।

**तपाईंलाई थाहा भएअनुसार यी बच्चासँग कुनै न कुनै रूपमा सम्पर्कमा रहन इच्छुक हुन सक्ने अरू वयस्कहरूको बारेमा हामीलाई बताइदिनुहोस् । (उदाहरणको लागि: पत्र आदानप्रदान गर्ने, उनीहरूलाई विशेष यात्रामा लाने वा उनीहरूलाई सप्ताहन्तमा बोलाएर राख्ने)।**

नाम: ____________________

तिनीहरू कहाँ बस्छन्: ____________________

फोन: ____________________

बच्चासँगको नाता: ____________________

नाम: ____________________

तिनीहरू कहाँ बस्छन्: ____________________

फोन: ____________________

बच्चासँगको नाता:3 ____________________

### DCF प्रयोजनको लागि मात्र:

| जाँचको प्रकार | जाँच गरेको मिति | प्रथमाक्षर | परिणाम |
|---|---|---|---|
| वयस्क दुर्व्यवहार रजिस्ट्री | | | |
| बाल संरक्षण रजिस्ट्री | | | |
| DCF रेकर्ड | | | |
| VCAS | | | |
| VCIC | | | |
| अन्य | | | |